# असल कृषि अभ्यास
## (Good Agricultural Practices)

स्वास्थ्य तथा आर्थिक दुबै पक्षबाट खाद्य स्वच्छताको महत्व दिनानुदिन बढ्दै गईरहेको छ । खाद्यजन्य रोगहरूको प्रकोपबाट उपभोक्तालाई बचाउन खाद्य बस्तुको सुरक्षित उत्पादन तथा ब्यबस्थापन अति जरूरि हुन्छ । असल कृषि अभ्यास (Good Agricultural Practices/GAP) एउटा कृषि उत्पादन पद्धति हो जसमा स्वच्छ तथा गुणस्तरीय कृषि उत्पादनको लागि नियन्त्रण विन्दुहरूको पहिचान गरी निरीक्षण जाँचको मापदण्डहरू वा प्रावधान तयार पारिन्छ र त्यसैको अनुशरण गरी गुणस्तरीय उपज उत्पादन र बजारिकरण गरिन्छ । अर्को शब्दमा भन्दा, सुरक्षित र स्वास्थ्य खाद्य तथा अखाद्य कृषि बस्तुहरूको उत्पादन गर्न उत्पादन र उत्पादनोपरान्त पालना गरिने कृषि कार्य अर्थात विविध प्रक्रियाहरूको संगालोलाई नै असल कृषि अभ्यास (Good Agricultural Practices/GAP) भनिन्छ । यस पद्धतिमा मानव स्वास्थ्य र वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्न प्रयास गरिन्छ । विभिन्न असल कृषि अभ्यासका पर्यावरणीय सरोकारहरूमा माटो, पानी, रोग/किरा र मौसम परिवर्तन व्यवस्थापन, सामाजिक-आर्थिक सरोकारहरूमा उत्पादन लागत, मूल्य, आम्दानी र दिगो व्यवसाय र मानव स्वास्थ्यको सरोकारमा खाद्य सुरक्षा, मानव स्वास्थ्य र मानवीय विकासका पक्षहरूलाई समेट्दछ । असल कृषि अभ्यासको लागि संसारका धेरै देशहरूले यस अघिनै थुप्रै प्रयासहरू गरेको पाइन्छ । अन्तर्राष्ट्रिय स्तरमा नियदबान्बिए कार्यान्वयनमा रहेको छ । एशियाका थुप्रै देशहरू र नेपालका छिमेकी देश चीन र भारतले पनि आवश्यकता र उत्पादनका व्यवधानहरूलाई आधार बनाई आ-आफ्ना राष्ट्रिय असल कृषि अभ्यासको मापदण्डहरू बनाई कार्यान्वयन गरिरहेका छन् । यी मापदण्ड अपनाई उत्पादन भएका गुणस्तरीय कृषि उपजहरूको अन्तर्राष्ट्रिय बजारमा ठूलो माग रहेकोले त्यस्ता उपजहरूको निकासीबाट ती मुलुकहरूले ठूलो धनराशी आम्दानी गर्ने गरेका छन् । अर्कोतर्फ यी उपजहरू पर्यावरणीय र मानव स्वास्थ मैत्री भएकोले घरेलु बजारमा समेत माग बढ्दै गरेको पाइन्छ । यसर्थ असल कृषि अभ्यासले कृषि उत्पादनको प्रतिस्पर्धात्मकता वृद्धि गर्नुका साथै यसले दिगो कृषिलाई समेत योगदान गर्दछ । नेपालमा पनि कृषि बिकास मन्त्रालयद्वारा FAO को सहयोगमा बनाईएको SAARCGAP लाई आधार मानी NepalGAP मापदण्ड तयार गरिएको छ ।

# नेपाल असल कृषि अभ्यासका मापदण्ड
## (NepalGAP Standards)

नेपाल असल कृषि अभ्यासका मापदण्ड अन्तर्गत निम्नअनुसारका पाँचवटा मोड्युलहरू रहेका छन ।

क. खाद्य स्वच्छता मोड्युल
(Food Safety Module)

ख. पर्यावरण व्यवस्थापन मोड्युल
(Environment Management Module)

ग. उत्पादन गुणस्तर मोड्युल
(Product Quality Module)

घ. कामदारको स्वास्थ, सुरक्षा र हित मोड्युल
(Worker health, safety and welfare Module)

ङ. सामान्य आवश्यकता मोड्युल
(General Requirement Module)

# असल कृषि अभ्यास प्रमाणिकरण
## (GAP Certification)

आफ्नो कृषि उत्पादन प्रणालिलाई असल कृषि अभ्यास प्रमाणिकरण गरि उत्पादकले उत्पादित कृषि उपज निश्चित मापदण्डहरू पुरा गरि उत्पादन गरिएकाले स्वच्छ र सुरक्षित छ भन्ने कुरा उपभोक्ताहरूलाई सुनिश्चित गराउन सक्छ । असल कृषि अभ्यास प्रमाणिरण गरिएको कृषि उपज राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा सजिलै प्रतिस्पर्धा गरि उचित मुनाफा दिई कृषकको आयआर्जनमा समेत वृद्धि हुने भएकाले यसको महत्व दिनानुदिन बढ्दो छ । असल कृषि अभ्यास प्रमाणिकरण (GAP Certification) स्वेच्छिक प्रमाणिकरण मापदण्ड भएकाले कानुनि रूपमा सम्पुर्ण कृषकवर्ग असल कृषि अभ्यास प्रमाणिकरण गर्न बाध्य नभएपनि इच्छुक कृषक, कृषक समुह, सहकारी वा कम्पनिले आफ्नो कृषि उत्पादन प्रणालिको असल कृषि अभ्यास प्रमाणिकरण (GAP Certification) गर्न सक्नेछन् ।

# नेपाल असल कृषि अभ्यास प्रमाणिकरण निकाय
## (Nepal GAP Certifying Body)

नेपाल असल कृषि अभ्यास कार्यान्वयन निर्देशिका, २०७५ अनुसार बैधानिक अस्तित्व रहेका तथा उक्त निर्देशिकाको अनुसुचि ७ बमोजिम पूर्वसर्तहरू पालना गर्ने संस्थाहरूलाई नेपाल असल कृषि अभ्यास प्रमाणिकरण निकायका रूपमा कार्य गर्न अनुमति दिन सकिनेछ । तत्कालको लागि प्रस्तावित निर्देशिका अनुसार नेपाल असल कृषि अभ्यास प्रमाणिकरण निकायको रूपमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई तोकिएको छ । इच्छुक कृषक, कृषक समुह, सहकारि वा कम्पनिले आफ्नो कृषि उत्पादन प्रणालिको असल कृषि अभ्यास प्रमाणिकरण (GAP Certification) का लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा रहेको असल कृषि अभ्यास प्रमाणिकरण निकायमा प्रक्रिया बमोजिम आवेदन दिन सक्नेछन् ।

# नेपाल असल कृषि अभ्यास प्रमाणिकरण निकायको सचिवालय
## (Secreteriate of NepalGAP Certifying Body)

असल कृषि अभ्यास कार्यान्वयन निर्देशिका, २०७५ तथा उक्त निर्देशिका अन्तर्गत तयार गरिएको नेपाल असल कृषि अभ्यास प्रमाणिकरण योजना (Nepal GAP Scheme) अनूरूप प्रक्रिया पूरा गरि नेपाल असल कृषि अभ्यास प्रमाणिकरण निकायका रूपमा कार्य गर्न अनुमति प्राप्त संस्थाहरूको सचिवालयको रूपमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई तोकिएको छ ।

# नेपाल असल कृषि अभ्यास प्रमाणिकरण प्रक्रिया
## (Process of NepalGAP Certification)

### १) एकल कृषकको लागि

- कृषकद्वारा आवेदन (दर्ता, १ महिना भित्र)
- करार सम्झौता हस्ताक्षर (कृषक तथा प्रमाणिकरण निकाय बिच)
- कृषकद्वारा नेपाल ग्याप (NepalGAP) का मापदण्ड कृषि प्रणालिमा लागु
- कृषि प्रणालिको आन्तरिक अनुगमन (चेक लिस्ट प्रयोग गरि, कृषकद्वारा स्वयं)
- प्रमाणिकरण निकायद्वारा अनुगमन
- अनुगमनका क्रममा भेटिएका अधुरा प्राबधानहरू कृषकद्वारा सुधार
- प्रमाणिकरण निकायद्वारा पुनरावलोकन तथा स्विकृति
  - हुन्छ
    - प्रमाणपत्र प्रदान (१ वर्षका लागि)
    - प्रमाणपत्र नविकरण (प्रत्येक वर्ष)
  - हुदैन
    - कारण सहित कृषकलाई पत्राचार

### २) कृषक समुहको लागि

- कृषक समूहद्वारा आवेदन (दर्ता, १ महिना भित्र)
- करार सम्झौता हस्ताक्षर (कृषक समूह तथा प्रमाणिकरण निकाय बिच)
- कृषक समूहद्वारा आवश्यक प्राबधानहरू लागु
  - कृषक समूहका सदस्यहरूद्वारा नेपाल ग्याप (NepalGAP) का मापदण्ड कृषि प्रणालिमा लागु
  - कृषि प्रमालिको आन्तरिक अनुगमन (चेक लिस्ट प्रयोग गरि, कृषक समूहहरूद्वारा सम्पूर्ण सदस्यहरूको)
  - अनुगमनका क्रममा भेटिएका अपुरा प्राबधानहरू सुधार
- कृषि समूहको निरिक्षण (QMS AUDIT) तथा प्रमाणिकरण निकायद्वारा कृषक सदस्यहरूको (१०%) अनुगमन
- अनुगमनका क्रममा भेटिएका अधुरा प्राबधानहरू सुधार
- प्रमाणिकरण निकायद्वारा पुनरावलोकन तथा स्विकृति
  - हुन्छ
    - प्रमाणपत्र प्रदान (१ वर्षका लागि)
    - प्रमाणपत्र नविकरण (प्रत्येक वर्ष)
  - हुदैन
    - कारण सहित कृषक समूहलाई पत्राचार

Nepal GAP
नेपाल असल कृषि अभ्यास

# थप जानकारीको लागि

**Ministry of Agriculture and Livestock Development**
www.moad.gov.np

**Department of Food Technology and Quality Control**
www.dftqc.gov.np

**Nepal Agriculture Research Council**
www.narc.gov.np

**Department of Agriculture**
www.doanepal.gov.np

**Department of Livestock Services**
www.dls.gov.np

**Nepal Bureau of Standards & Metrology**
www.nbsm.gov.np

**Department of Environment**
www.doenv.gov.np

**Agro Enterprise Centre**
www.aec-fncci.org




नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**नेपाल असल कृषि अभ्यास प्रमाणिकरण निकाय**
बबरमहल, काठमाण्डौं
फोन, फ्याक्स : ४२५६९४७
Email: info@dftqc.gov.np
Website: dftqc.gov.np





# एक परिचय